
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क २५५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ असोज १२ गते बुधबार ❑ 28 Sept. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## निर्वाचन आचारसंहिता कार्यान्वयन आयोगको निर्देशन

रासस
काठमाडौं, ११ असोज

निर्वाचन आयोगले निर्वाचन आचारसंहिता, २०७९ को सम्पूर्ण व्यवस्था कार्यान्वयन गराउन विभिन्न व्यक्ति, निकाय र अधिकारीलाई निर्देशन दिएको छ। आयोगले मंगलबार एक विज्ञप्ति जारी गर्दै बुधबारदेखि लागू हुने सो आचारसंहिता कार्यान्वयन गराउन ती व्यक्ति, निकाय र अधिकारीलाई निर्देशन दिइएको जनाएको छ।

आयोगले नेपाल सरकार र नेपाल सरकारका मन्त्री, प्रदेश सरकार र प्रदेश सरकारका मन्त्री, संवैधानिक निकाय र पदाधिकारी, नेपाल सरकार वा प्रदेश सरकारका निकाय र ती निकायका पदाधिकारी, स्थानीय कार्यपालिका र सोका सदस्य, सङ्घ, प्रदेश र स्थानीय तहका कर्मचारीलाई आचारसंहिता कार्यान्वयन गर्न/गराउन निर्देशन दिएको हो।

सुरक्षा निकाय, सुरक्षाकर्मी तथा कर्मचारी, सरकारी, अर्धसरकारी तथा सार्वजनिक संस्थाको कार्यालय र कर्मचारी, राजनीतिक दल तथा राजनीतिक दलको भ्रातृ सङ्गठन, उम्मेदवार तथा सम्बन्धित व्यक्ति, राजनीतिक दल तथा उम्मेदवारको मतदान प्रतिनिधि तथा मतगणना प्रतिनिधि, सार्वजनिक पद धारण गरेको व्यक्तिले पनि आयोगद्वारा जारी आचारसंहिता कार्यान्वयन गर्नुपर्ने छ।

यस्तै अनुगमन समितिको पदाधिकारी तथा अनुगमनकर्ता, पर्यवेक्षण संस्था तथा पर्यवेक्षक, सञ्चार प्रतिष्ठान, कर्मचारी र सञ्चारकर्मी, निजी तथा गैरसरकारी संस्था, सोको पदाधिकारी तथा कर्मचारी, विद्यालय, महाविद्यालय वा विश्वविद्यालयकाका शिक्षक तथा कर्मचारी, मतदाता र विकास साझेदार संस्थाले पनि आचारसंहिता पालना गर्नुपर्नेछ।

सरकारी वा अर्धसरकारी निकायबाट सञ्चालित परियोजना तथा परियोजनाका कर्मचारी, मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने संस्था तथा सो संस्थाका कर्मचारी, निजी क्षेत्रका बैंक तथा वित्तीय संस्था, सहकारी संस्था, व्यापारिक तथा औद्योगिक क्षेत्रका पदाधिकारी, कर्मचारी तथा कामदार, वस्तु वा सेवा प्रदायक व्यावसायिक संस्थाका पदाधिकारी, कर्मचारी तथा कामदार र आयोगले तोकेका अन्य निकाय वा व्यक्तिले आचारसंहिताको पालना गर्नुपर्ने आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिनुभयो। प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन प्रयोजनका लागि आयोगले बुधबारदेखि निर्वाचन आचारसंहिता लागू गर्दैछ। आगामी मुङ्सिर ४ गते आइतबारका दिन एकै चरणमा प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन हुँदैछ। निर्वाचनमा स्वच्छता, निष्पक्षता, पारदर्शिता र भयमुक्त वातावरण कायम गर्न आयोगले गत भदौ १३ गते नेपाल राजपत्रमा निर्वाचन आचारसंहिता, २०७९ प्रकाशन गरेको थियो। निर्वाचन सम्पन्न नभएसम्मका लागि आचारसंहिता लागू हुनेछ।

## पर्यटन दिवसमा रेवान पोखराद्धारा एकदिने मिनी सडक महोत्सव

पोखरापत्र संवाददाता
पोखरा, ११ असोज




गण्डकी प्रदेशका पर्यटन, उद्योग बाणिज्य तथा आपूर्ति मन्त्री मणिभद्र कँडेलले पर्यटन विकासका लागि नविनतम सोच र साझा भावना आवश्यक रहेको बताउनु भएको छ।

४३ औं पर्यटन दिवसको अवसरमा रेष्टुरेन्ट एण्ड बार एशोसिएशन (रेवान) पोखराले लेकसाइडमा आयोजना गरेको एकदिने मिनी महोत्सवको उद्घाटन कार्यक्रममा मन्त्री कँडेलले आर्थिक समृद्धिका लागि पर्यटन महत्वपूर्ण क्षेत्र भएको जनाउँदै पर्यटनलाई जीवन पद्धतिसँग जोडेर लैजानु पर्ने बताउनुभयो। पर्यटनमा कला साहित्य संस्कृति सम्पदाको, वातावरणको महत्वलाई उजागार गर्दै प्रवर्द्धन गर्न आवश्यक रहेको जनाउँदै पर्यटनमा नयाँ सोचको विकास गर्न आवश्यक रहेको धारणा राख्नुभयो।

पर्यटन विकासका लागि सरोकारवाला बीच समन्वय र सहकार्यबाट खाँचो औल्याउँदै उहाँले गण्डकी प्रदेशले पर्यटन विकासका लागि सहकार्य गरेर अघि बढ्न प्रतिबद्ध भएको जनाउनुभयो। रेवानका कार्यवहाक अध्यक्ष विश्वराज पौडेलले रेवान पोखराले गर्दै आएको सडक महोत्सव पोखराको पर्यटन विकासका लागि महत्वपूर्ण रहेको बताउनुभयो। उहाँले कोरोना पछिको पर्यटनले केहि गति लिन थालेको जनाउँदै पर्यटनमा दीर्घकालिन पर्यटन नीति र पर्यटन मैत्री वातावरणको अपरिहार्यतामा जोड दिनुभयो। उहाँले पर्यटन क्षेत्रको विकास र विस्तार सहित आन्तरिक र बाह्य हवाइ यातायात विकास गरी थप सुरक्षित स्तरीय भरपर्दो बनाउन आवश्यक रहेको बताउनुभयो।

रेवानका महासचिव एवम कार्यक्रम संयोजक विकास भट्टराईले 'पर्यटनमा पुनविचार गरौ' भन्ने नारा सहित आयोजना गरिएको मिनि महोत्सवमा विभिन्न सांगीतिक कार्यक्रमका साथै स्वदेशी तथा विदेशी खानाका परिकार प्रस्तुत र जातीय भेषभुषा सहितको सांस्कृतिक नृत्य, गन्धर्व गायन, नेवारी लाखे नाँच, पञ्चे बाजा र साहसिक खेलकुद तथा पर्यटकीय आकर्षण वृत्तचित्रको प्रदर्शनी गरिने कार्यक्रम तय भएपनि प्रतिकुल मौसमका कारण केही कार्यक्रम प्रभावित भएको बताउनुभयो।

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख काशीराज भण्डारी, पोखरा पर्यटन परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठ, अग्रज पर्यटन व्यवसायी गणेशबहादुर भट्टराई, निर्वतमान अध्यक्ष गोपीबहादुर भट्टराई, रेवानका पूर्व अध्यक्ष लक्ष्मण बराल, नेपाल पत्रकार महासंघ कास्कीका उपाध्यक्ष जमुना वर्षा शर्मा लगायत विभिन्न पर्यटन समबद्ध संघसंस्थाका अध्यक्ष एवं प्रतिनिधिहरुको उपस्थिती रहेको थियो।

## फोहर व्यवस्थापनमा नगरवासीले असहयोग गरेको मेयरको गुनासो

पोखरापत्र संवाददाता
पोखरा, ११ असोज



पोखराका मेयर धनराज आचार्यले फोहर व्यवस्थापनमा नगरवासीले असहयोग गरेको गुनासो गरेका छन्।

'यहाँ मेरो घर अगाडिको फोहर उठाउनैपर्छ तर मेरो वडामा भने फाल्न पाइँदैन भन्ने नागरिकहरु छन्',उनले सो प्रवृत्तिप्रति व्यङ्ग्य गर्दै भने, 'अब अन्तरिक्षमा ल्याण्डफिल साइट खोज्नुपर्लाजस्तो छ।' मेयर आचार्य पोखरा औद्योगिक क्षेत्र उद्योग संघ तथा पोखरा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले मंगलबार पोखरा उद्योग वाणिज्य संघको नवनिर्वाचित कार्यसमितिको सम्मानमा आयोजित कार्यक्रममा बोल्दै थिए। उनले पोखराको ल्याण्डफिल साइट स्थानन्तरण नभए आउँदो पुसबाट हुने भनिएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थलो संचालन असम्भव रहेको पनि सुनाए। पोखराको वडा नम्बर १६ र २० मा पर्ने पस्मराङ तथा वडा नम्बर ३३ को भरतपोखरी क्षेत्रमा सार्ने भनिएकोमा स्थानीयबाट विरोध भएको थियो। मेयर आचार्यले ल्याण्डफिल साइट निर्माणको लागि अवरोध सिर्जना भएसँगै महानगरले फोहरको वैज्ञानिक व्यवस्थापनको योजना कोरेको पनि सुनाए। 'विभिन्न देशले फोहरलाई बर्गीकरण गर्दै फोहरबाट नै आम्दानी गरेका छन्',उनले भने,'हामी पनि फोहरको बर्गीकरण गर्दै ल्याण्डफिल साइट नै नचाहिने अवस्था सिर्जना गर्न लागेका छौं।' उनले अस्पतालबाट निस्कने फोहर अस्पताल स्वयंले तथा औद्योगिक क्षेत्रबाट निस्कने रसायन मिसिएको फोहर उद्योगले नै नष्ट गर्नुपर्ने बताए। स्थानीयले औद्योगिक क्षेत्रबाट निस्केको फोहरले समस्यामा परेको गुनासो गर्ने गरेको सुनाउँदै भने,'औद्योगिक क्षेत्र वरपरको बस्तीभन्दा जेठो हो, यहाँबाट यो हट्दैन।' मेयर आचार्यले पोखरा महानगरसँग कानूनहरु भए पनि कार्यान्वनय पक्ष फितलो भएको स्वीकारे। 'आँङ कन्याएर छारो के उँडाउनु',उनले भने,'महानगर अस्तव्यस्त छ,हामीले त्यहाँ सुधारको थालनी गरेका छौं।' कार्यक्रममा बोल्दै पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष पवनकुमार प्रजापतिले उद्योगी/व्यवसायीहरुलाई राज्यले संरक्षण गर्नुपर्नेमा जोड दिए। उनले भने, 'व्यवसायी पलायन भए राजश्व कहाँबाट उठ्छ ?एउटा उद्योगीले गर्ने उत्पादनबाट हजार नैंले रोजगारी पाउँछन्,राजश्व बढ्छ। आत्मनिर्भर अर्थतन्त्र निर्माण हुन्छ भन्ने राज्यले बुझ्नैपर्छ।' उनले आउँदो मंसिर १६ गतेदेखि पोखरामा राष्ट्रिय औद्योगिक व्यापार मेला संचालन हुने जानकारी दिँदै सो मेलामा औद्योगिक उत्पादनहरुको प्रदर्शनी गरिने पनि बताए। 'यो पटकको मेला मनोरञ्जनात्मक हैन,उत्पादनको प्रदर्शनी र उद्यमशीलता सिक्ने थलो बन्नेछ',उनले भने। नेपाल औद्योगिक क्षेत्र उद्योग महासंघका उपाध्यक्ष बाबुराम पन्तले उद्योगको लगानी दीर्घकालको लागि भएकोले त्यसमा राज्यले विशेष सुविधा दिनुपर्ने माग गरे। नेपालको उत्पादन क्षेत्र कमजोर हुनुमा राज्य दोषी रहेको बताउँदै उनले भने,'सरकारले लगानीको संरक्षणमा ध्यान दिनैपर्छ।' गण्डकी प्रदेश उद्योग परिसंघका अध्यक्ष विनोद शर्माले औद्योगिक क्षेत्र सारिन्छ भन्ने हल्लाले व्यवसायीहरु आतंकित भएको बताए।

पोखरा १४ का वडाध्यक्ष बोधराज कार्कीले औद्योगिक क्षेत्रबाट निस्कने केमिकल मिसिएको पानीले बाली बिगार्ने भएकाले त्यसको निर्मलीकरणमा ध्यान दिन औद्योगिक क्षेत्रसँग अनुरोध गरे। पोखरा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय प्रमुख किशोरकुरमा पाण्डेयले पोखरा औद्योगिक क्षेत्र फुड बैंक भएको बताए। कार्यक्रम तथा पोखरा औद्योगिक क्षेत्र उद्योग संघका अध्यक्ष सुरेश श्रेष्ठले औद्योगिक क्षेत्रले भोग्नु परेका समस्याप्रति राज्य संवेदनशील हुनुपर्ने बताए।

## कास्कीकोट दरबारमा दसैं उत्सव सुरु

पोखरापत्र संवाददाता
पोखरा, ११ असोज

पोखरा महानगरपालिका-२४ स्थित कास्कीकोट दरबारमा ऐतिहासिक दसैं उत्सव सुरु भएको छ।प्रत्येक वर्षको आश्विन शुक्ल पक्ष (दुर्गा पक्ष) का अवसरमा विशेष पूजाआजा हुने प्राचीन प्रचलनअनुरूप उक्त समयलाई नवदुर्गा उत्सवका रूपमा मनाउने गरिएको छ।

यस समयमा तान्त्रिक र वैदिकरूपमा गुप्तकालिका मन्दिरमा घटस्थापनादेखि दशमीसम्म पुजारीहरू मन्दिरमा नै बसेर गुप्तकालिकाको पूजा गर्ने प्रचलन छ। दसैंकै अवसरमा लोपोन्मुख सरुङ खेल र मालश्री धुन प्रस्तुत गरिने गुप्तकाली काश्यप धार्मिक क्षेत्र विकास समितिका सचिव ठाकुरप्रसाद त्रिपाठीले जानकारी दिनुभयो।

उत्सवका अवसरमा कास्कीकोटमा दसैंको बेलामा बजाइने नगरा, सत्रौं शताब्दीका ढाल, तरबार एवं तोपहरूको पनि प्रदर्शन गरिने उहाँले जानकारी दिनुभयो। 'संस्कृतिको संरक्षणसँगै धार्मिक पर्यटनको प्रवर्द्धनमा सहयोग गरौं' भन्ने नारासहित दसैं उत्सव गर्न लागिएको गुप्तकाली काश्यप धार्मिक क्षेत्र विकास समितिले जनाएको छ।कास्कीकोट दरबारमा घटस्थापनाको दिन विधिवत् मन्दिरमा प्रवेश गरिन्छ। सप्तमीको दिन पोखराको रामघाटबाट ल्याइएको फूलपत्र कुँवर जातिको सरुङ खेलसँगै मन्दिरमा भित्र्याउने प्रचलन छ।

अष्टमीका दिन राति कालरात्रिको पूजा, नवमीका दिन पञ्चबलि र दशमीको दिन गुप्तकालिका मन्दिरमा टीका लगाउने र विधिवत् रूपमा फूल बास्पानीमा लगेर विसर्जन गर्ने प्रचलन रहेको त्रिपाठीले जानकारी दिनुभयो। दसैंका दश दिन दैनिक विभिन्न देवीको पूजा हुने गुप्तकालीको दर्शन गर्नाले मनको इच्छा पूरा हुने जनविश्वास छ। यस समयमा पोखरासहित विभिन्न स्थानबाट यहाँ भाकलसहित पूजाआजा एवं पञ्चबलिका लागि दर्शनार्थी आउने गर्दछन्।

लामो समयसम्म कोरोना कहरका कारण मन्दिरमा दर्शनार्थीले दर्शनसमेत गर्न नपाएको अवस्थामा पूजालाई व्यवस्थित बनाउन पोखरा-२४ वडा कार्यालयले कास्कीकोट दरबारलाई आर्थिक सहयोगसँगै प्रवर्द्धनात्मक सहयोग गरेको वडाध्यक्ष भरतबहादुर अधिकारीले बताउनुभयो।


## हार्दिक बधाई

**यहि मिति २०७९ असोज १ गते सु-सम्पन्न यस भद्रकाली बहुमुखी क्याम्पस, पोखरा-१३, कुँडहरको वार्षिक साधारण सभा तथा चौथो अधिवेशनबाट क्याम्पस संचालन समितिको अध्यक्ष तथा सदस्य जस्ता गरिमामय पदहरुमा स-सम्मान निर्विरोध निर्वाचित हुनुभएकोमा निर्वाचित सम्पूर्ण पदाधिकारीहरुलाई हार्दिक बधाई ज्ञापन गर्दछौं। साथै उहाँहरुको कार्यकाल यस क्याम्पसको सर्वपक्षीय उन्नयन तथा समुन्नति र समृद्धिको जग निर्माणमा अत्यन्त उर्वर, फलदायी र ऐतिहासिक बनोस् भन्ने शुभेच्छा समेत प्रकट गर्दछौं।**


श्री माधवप्रसाद सिग्देल
अध्यक्ष


श्री विष्णु कार्की
सदस्य


श्री जयप्रसाद सापकोटा
सदस्य


श्री शोभाकान्त सिग्देल
सदस्य


श्री बलराम बराल
सदस्य


श्री प्रदिपकुमार लम्साल
सदस्य


श्री भिमप्रसाद न्यौपाने
सदस्य

**क्याम्पस प्रमुख
तथा
भद्रकाली बहुमुखी क्याम्पस परिवार
पोखरा-१३, कुँडहर**

# पर्यटन दिवसको अवसरमा वडा १३ मा पदयात्रा

पोखरापत्र संवाददाता

पोखरा, ११ असोज

४३ औं पर्यटन दिवसको अवसरमा वडा १३ले मंगलवार पदयात्रा सुरु गरेको छ। पर्यटकीय स्थलको खोजी गर्न पोखरा महानगरपालिका वडा १३, ट्रेकिङ एजेन्सीज एशोसिएसन अफ नेपाल (टान) पश्चिमाञ्चल क्षेत्रीय संघ पोखरा र एनआरएन गैह्र आवासीय नेपाली संघको संयुक्त आयोजनामा पदयात्रा सुरु गरिएको हो।




पदयात्राको उद्घाटन गैह्र आवासीय नेपाली संघकी अध्यक्ष रविना थापाले गरेकी हुन्। पर्यटकीय स्थलको खोजी गर्न काँहुखोला, भञ्ज्याङ, चिप्लेटी, बिहाडा, महाप्रभुधाम, मणिदिप, कसेरीसम्म पदयात्रा गरिएको पोखरा महानगरपालिका वडा १३ अध्यक्ष किरण बरालले वताए। करिव नौ किलोमिटर रहेको पदयात्रामा लगभग दुई सय जना सहभागी भएका वडा अध्यक्ष वरालले भने। स्थानीय बुद्धिजीवी, सामाजिक अगुवा, पर्यटन व्यवसायी तथा वडाबासीको उपस्थिति रहेको अध्यक्ष वरालले जानकारी दिए। पोखरामा पर्यटक स्थलीय धैरै भएकाले त्यस्ता स्थानको खोजी गरी संरक्षण गरेर प्रचारप्रसार गर्न पदयात्राले सहयोग गरेको वरालको भनाइ छ। विश्व पर्यटक दिवसका अवसरमा गरिएको पदयात्रा कार्यक्रमले नेपालभरी राम्रो सन्देश जाने वडा नं १३ का वडा सदस्य बलवहादुर वरालले वताए। पदयात्राले आफ्नो ठाउँमा के कस्तो समस्या रहेको छ त्यस विषयमा जानकारी भएको पदयात्रामा सहभागी विकास प्रेमी युवा सुदिप गुरुङले वताए। पदयात्रामा सहभागी गैह्र आवासीय नेपाली संघकी अध्यक्ष रविना थापाले पदयात्राले पोखरामा लुकेका पर्यटक क्षेत्रलाई अगाडि ल्याउन सहयोग गर्ने धारणा व्यक्त गरिन। 'पदयात्रा भएका ठाउँबाट पोखराको रमणीय स्थलको अवलोकन गर्न सकिन्छ,' थापाले भनिन्,' यस्ता ठाउँको उचित प्रचारप्रसार गर्न सकेमा पर्यटकको आगमनको संख्या बढाउन सकिन्छ।' पर्यटकीय पूर्वाधारका लागि आवश्यक संरचना निर्माण गर्न अध्यक्ष थापाले सुझाव दिइन्। 'पर्यटकको संख्या वृद्धि गराउन बाटोको विकास गर्नुपर्छ,' उनले अगाडि थपिन्,' हामीले पर्यटन प्रवर्द्धन गर्दा पर्यटकले बाटो तथा भौतिक संरचनालाई लिएर उनीहरूले सहजता महसुस गरुन।' सेही वडाले हालै मणिदिपमा दिब्य महाआरती गरेको थियो।

# मुनाल सहकारीको चौधौं वार्षिक साधारण सभा सम्पन्न

पोखरापत्र संवाददाता

पोखरा, ११ असोज

पोखराको मुनाल बचत तथा ऋण सहकारी संस्था लि. को चौधौं वार्षिक साधारण सभा मंगलबार सम्पन्न भयो।

साधारण सभाको उद्घाटन गण्डकी प्रदेशका भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्री चन्द्रबहादुर बुढाले गरेका थिए।

सो अवसरमा प्रमुख अतिथि बुढाले संघीय तथा प्रदेश सरकारले ल्याएको सहकारीसम्बन्धी नीति, विनियम र नियमावली अनुसार सहकारी चल्नुपर्ने र सरकारले पनि सहकारी सञ्चालनमा सहज बनाउनुपर्ने कुरामा जोड दिएका थिए। मन्त्री बुढाले अहिलेको बजारको अवस्थालाई मध्यनजर गर्दै सहकारीहरूले आफ्ना शेयर सदस्यहरूलाई आयआर्जनका कार्यक्रमहरूमा आकर्षित गर्नुपर्ने भनाइ राखेका थिए।



साधारण सभामा मुनाल सहकारीका निवर्तमान अध्यक्ष दुर्गाप्रसाद हुमागाइलाई वर्षभरि उत्कृष्ट बितिय कारोबार गरेबापत संस्थाको तर्फबाट सम्मान गरिएको थियो। सम्मानित भएका हुमागाई सफल मिडिया हाउस प्रालिका अध्यक्ष तथा कार्यकारी निर्देशक पनि हुन। त्यस्तै शेयर सदस्य कमल पाइजालाई उत्कृष्ट कर्जा उपभोगकर्ताको रूपमा सम्मान गरिएको थियो। सोही अवसरमा उत्कृष्ट कर्मचारीबाट संस्थाका कर्मचारी रितेश जी.सी. लाई पनि सम्मान गरिएको संस्थाका अध्यक्ष मगनलाल श्रेष्ठले बताए। कार्यक्रममा गण्डकी प्रदेश प्रमुखको कार्यालयका प्रवक्ता चण्डीप्रसाद अर्याल, गण्डकी प्रदेशका भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालयका योजना तथा अनुगमन महाशाखाका प्रमुख तथा प्रवक्ता डा. गृष्म नेउपाने, पोखरा फाइनान्स लि. का प्रमुख कार्यकारी अधिकृत रविचन्द्र गुरूङ, नेपाल पत्रकार महासंघ, कास्कीका पूर्व सभापति दीपेन्द्र श्रेष्ठ, सहकारीका निवर्तमान अध्यक्ष दुर्गाप्रसाद हुमागाईं, संस्थाका पूर्वअध्यक्ष तथा सल्लाहकार मेघनाथ काफ्ले, पृथ्वी बहुउद्देश्यीय सहकारी संस्था लि. का अध्यक्ष किरणप्रसाद बन्जारालगायतका वक्ताहरूले सहकारीको बारेमा बोलेका थिए। सहकारीका अध्यक्ष मगनलाल श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष डा. विष्णुप्रसाद चापागाईंले स्वागत मन्तव्य तथा कार्यसमिति सदस्य डिलकुमारी पौडेलले सहकारीका सात सिद्धान्त वाचन गरेको बताइएको छ।

कार्यक्रमको सञ्चालन संस्थाका सचिव नारायणबहादुर थापाले गरेका थिए। कार्यक्रममा कोषाध्यक्ष रमेशकुमार पौडेलले संस्थाको हालको शेयर पुँजी ५ करोड ३९ लाख ७६ हजार ७ सय रूपैयाँ, निक्षेप १५ करोड ८९ लाख ८ हजार ७ सय ३८ रहेको र शेयर सदस्यमा लगानी १८ करोड ८९ लाख ५३ हजार ८ सय ४४ रूपैयाँ रहेको जानकारी गराए भने लेखा समितिका संयोजक रोशनजंग कार्कीज्यूले लेखा समितिको प्रतिवेदन प्रस्तुत गरेका थिए।

# पर्यटन दिवसमा पोखराको बन्जी नेपाललाई पर्यटन मन्त्रालयको सम्मान

पोखरापत्र संवाददाता

पोखरा, ११ असोज

विश्व पर्यटन दिवसको अवसरमा संस्कृती, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले पोखराको बन्जी नेपाललाई सम्मान गरेको छ।



मन्त्रालयका सचिव सुरेश अधिकारीले मंगलवार काठमाडौंमा आयोजित एक कार्यक्रममा बन्जी नेपालका अध्यक्ष सन्तोष भट्टराईलाई सम्मानपत्र र दोसल्लाले सम्मान गरेका हुन्। नेपालको साहसिक खेल पर्यटनमा उल्लेखनिय योगदान पुऱ्याएको भन्दै बन्जी नेपाललाई सम्मान गरेको हो। गत सालबाट सन्चालनमा आएको बहुराष्ट्रिय कम्पनी बाट फ्रेन्चाइज लिएको बन्जी नेपालले छोटो समयमा नै चर्चा कमाउन सफल भएको छ। पोखरा महानगरपालिका-१७, रातोपैरा (माउन्टेन म्युजियमको आडैमा)माबन्जीनेपालसञ्चालित छ। बन्जी नेपालका अध्यक्ष भट्टराई तनहुँको शुक्लागण्डकी-११ राइपुरमा जन्मिएका हुन्। मध्यम परिवारमा जन्मिएका उनी अन्तराष्ट्रिय जम्पमास्टर हुन्। उनले साहसिक खेल नेपाल भित्र्याउन महत्वपूर्ण भूमिका खेलेका थिए। नेपालमा बञ्जी सम्बन्धी निति नियम निर्माणमा समेत सरकारलाई सहयोग गरेका उनी मकाउ, इन्डोनेसीया, जापान, रसिया लगायतका देशमा एक दशक बढि साहसिक खेलमा अनुभवी बटुलेका छन्। सोहि अनुभव नेपालमा उपयोग गरेका हुन्। सम्मानले थप राम्रो काम गर्न हौसला मिलेको बन्जी नेपालका अध्यक्ष भट्टराईले बताए। पर्यटकीय, धार्मिक र ऐतिहासिक रुपमा प्रशस्त सम्भावना रहेको शुक्लागण्डकीमा समेत साहसिक खेल भित्र्याउन स्थानीय सरकारले चासो र पहल गर्नुपर्नेमा उनले जोड दिए।

# नेपालको राजनीतिलाई अपराधिकरण भ्रष्टीकरण हुनबाट बचाउन समयमै सचेत हुन मन्त्री बरालको आग्रह

पोखरापत्र संवाददाता

पोखरा, ११ असोज

गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले नेपालको राजनीतिलाई अपराधिकरण र प्रष्टीकरण हुनबाट बचाउन समयमै सचेत हुनुपर्ने बताउनु भएको छ।

बराल वंश प्रतिष्ठान पश्चिमाञ्चल समन्वय समितिको मंगलबार पोखरामा सम्पन्न भएको छैटौं बार्षिक साधारण सभा तथा तेश्रो अधिवेशन एवं शुभकामना आदान प्रदान कार्यक्रममा सम्बोधन गर्दै मन्त्री बरालले उक्त कुरा बताउनु भएको हो।

नेकपा माओबादी केन्द्रका केन्द्रिय सदस्य समेत रहनु भएका मन्त्री बरालले नेपालको राजनीतिमा हाल अपराधिकरण भ्रष्टीकरण नभएको उल्लेख गर्दै यसका केही लक्ष्यणहरु भने देखा पर्न थालेकोले समयमै आम जनता र पार्टीहरु नै सचेत हुनुपर्ने बताउनु भयो। सबै प्रकारका मानिसको आवश्यकता एउटै भएको बताउनु भएको मन्त्री बरालले समाजमा रहेका विभेद अन्त्य गरी समानता मुलक समाज निर्माणमा सबै एक हुनुपर्नेमा जोड दिनु भयो। आजको आवश्यकता सकरात्मक सोच भएको बताउँदै मन्त्री बरालले बराल वंशका व्यक्तिहरुले गरेका कार्य समाजका लागि प्रेरणाको श्रोत हुने गरी काम गर्न उहाँले आग्रह गर्नु भयो। समाजको सचेत प्रणाली भएको नाताले मानिसले समाज बदल्न तथा रुपान्तरण गर्न सुखः शान्ति, समृद्धिको बाटो तर्फ लैजान पनि हरेक समाजका आम नागरिकको दाहित्व भएको बताउनु भयो। उहाँले इतिहासलाई बस्तुनिष्ठ बनाउन अपुग बिषय बस्तुलाई पुरा गर्न क्रमस अघि बढ्नुपर्ने बताउनु भयो। कार्यक्रममा समितिका पूर्व अध्यक्ष बिष्णु बरालले धर्म र परम्पराको नाममा दशैंलाई हिंसात्मक ढंगले मनाउनु विकृति भएको बताउनु भयो। समितिका केन्द्रिय सदस्य रमेश बरालले सेवाभावमा सबै नागरिक लाग्नु पर्ने बताउनु भयो।




समितिका कार्यबहाक अध्यक्ष हरि प्रसाद बरालको अध्यक्षतामा सम्पन्न भएको उद्घाटन सत्रमा संस्थापक कोषाध्यक्ष श्रीराम बराल, मदरल्याण्ड माविका प्राचार्य नारायण बराल, समितिका सचिब सरोज नारायण बराल, समितिका सदस्य वेदनाथ बराल लगायतले वोल्नु भएको थियो।

घृत कौशिक गोत्रिय बराल बन्धुहरुको एक भेलाले २०५८ सालमा प्रतिष्ठानको गठन भएको समितिका केन्द्रिय सदस्य नन्दप्रसाद बरालले बताउनु भयो। पोखरामा बराल समुदायका प्रायः पुम्दी, आर्वा र मासवारमा बसोबास गर्दै आएको पाइन्छ।

# पोखरामा विदेशी पर्यटकलाई स्वागत

पोखरापत्र संवाददाता

पोखरा, ११ असोज

विश्व पर्यटन दिवसको अवसरमा मंगलबार पोखरा विमानस्थलमा पहिलो उडानबाट आउने पर्यटकलाई स्वागत गरिएको छ।

पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति व्यवस्था मन्त्रालय गण्डकी प्रदेश, पोखरा पर्यटन परिषद् र नेपाल पर्यटन बोर्डको संयुक्त आयोजनामा काठमाडौँबाट बुद्ध र यति एयरलाइन्सबाट आएका स्वदेशी एवं विदेशी पर्यटकलाई स्वागत गरिएको हो।

पोखरा विमानस्थलमा पर्यटकलाई गण्डकी प्रदेशका शिक्षा, संस्कृति तथा सामाजिक विकास मन्त्री मेखलाल श्रेष्ठले स्वागत गर्नुभयो। उक्त अवसरमा नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालय प्रमुख काशीराज भण्डारी, पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठ लगायतले पर्यटकको स्वागत गर्नुभएको थियो। पर्यटन दिवसकै अवसरमा पोखराको नवनिर्मित पोखरा क्षेत्रीय अन्तर ाष्ट्रिय विमानस्थलको पर्यटनसम्बद्ध क्षेत्रका प्रतिनिधिले अवलोकन गरेका छन्। अवलोकनमा नेपालबाट विभिन्न देशमा अन्तर्राष्ट्रिय उडान गर्दै आएका उडान कम्पनीका अधिकारी, भारतीय तथा नेपाली सञ्चारकर्मी, पर्यटन क्षेत्र सम्बद्ध सङ्घ संस्थाका प्रतिनिधि सहभागी रहनुभएको थियो। सहभागीलाई नागरिक उड्ययन प्राधिकरण पोखराका प्रमुख विक्रम गौतमले विमानस्थलको भौतिक अवस्था लगायतका विषयमा जानकारी गराउनुभयो।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :

» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रवन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# परीक्षा बल्ल शुरु हुँदैछ

मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा चुनावका लागि निर्वाचन आयोगले आचारसंहिता लागु गरेको छ । मंगलबार मध्य रातिदेखि निर्वाचन आचारसंहिता लागु गर्ने निर्णय गरेको आयोगले जनाएको छ । राजपत्रमा प्रकाशित भएको आचारसंहिता पालना गर्ने सरोकारवाला सबै ईमानदार हुनुपर्छ । आचारसंहिता पालना गर्ने दल र सरकारको ईच्छाशक्ति भएमा सुधार आउँछ । निर्वाचनमा भाग लिने राजनीतिक दलहरूदेखि कर्मचारी, सेना, प्रहरी, विद्यालयका शिक्षक, प्राध्यापक लगायत विभिन्न सरोकारवाला पक्षले आचारसंहिता पालना गर्नुपर्ने  हुन्छ । गत आइतबार आयोगले विभिन्न दलका मुख्य नेताहरूलाई बोलाएर निर्वाचन आचारसंहिता कार्यान्वयनमा लैजानेबारेमा छलफल गरेको थियो । साथै आयोगले दलका प्रतिनिधिहरूलाई आफ्नो दल निर्वाचन आचार संहिता पालना गर्न प्रतिबद्ध छ भनेर हस्ताक्षर समेत गराएको थियो ।

आचारसंहितामा राजनीतिक दल, नेता-कार्यकर्ता, उम्मेदवार, सञ्चार संस्था, सुरक्षाकर्मी, विभिन्न पेसाकर्मीहरुलाई पालना गर्नुपर्ने विषयहरु बुँदागतरुपमा उल्लेख छ । राजनीतिक दल वा उम्मेदवारको हकमा जुलुस वा आमसभा गर्दा उम्मेदवारको निर्वाचन चिन्ह वा झण्डा अंकित लोगो, स्टीकर वा अन्य कुनै पनि किसिमको चिज बोक्न बन्देज गरिएको छ । राजनीति दलको पहिचान खुलाइएको विवरण भने वितरण गर्न सकिने आचारसंहितामा उल्लेख छ ।

एकभन्दा बढी राजनीतिक दल वा उम्मेदवारले एकै दिन एकै समयमा कुनै एक स्थानमा कार्यक्रम वा सभा नगर्न आचार सिंहतामा उल्लेख छ । प्रचार प्रसारको समयमा १२ घन्टाका लागि तोकिएको छ। बिहान ७ बजेदेखि साँझ ७ बजेसम्म मात्र प्रचारप्रासर गर्नुपर्ने आचारसंहितामा भनिएको छ । निर्वाचनको प्रचार प्रसार वा जुलुजमा बालबालिकाको प्रयोगमा बन्देज लगाइएको छ । त्यस्तै मनोनयन गर्न जाँदा २५ जनाभन्दा धेरै उपस्थित नहुन आचारसंहितामा उल्लेख छ । अनलाइन वेव पेज, टिभी, स्क्रोलिङ, डीस्प्ले आदिमा उम्मेदवारको प्रचार प्रसार गर्न पाइने छैन । तर पार्टी वा उम्मेदवारको आधिकारिक वेवपेजमा भने त्यस्तो सामग्री राख्न सकिने आचारसंहितामा उल्लेख छ ।

त्यस्ते कसेको भावनामा ठेस पुग्ने किसिमका प्रचार प्रसार गर्न पाइने छैन भने धर्मका नाममा पनि कुनै प्रचार गर्न पाइने छैन। निर्वाचनमा विजयी भएको उम्मेदवारले कुनै प्रकारको भोज भतेर वा नगर जिन्सी वितरणसमेत गर्न नपाइने आचारसंहितामा उल्लेख छ । आचारसंहितामा राजनीतिक दल, नेता-कार्यकर्ता, उम्मेदवार, सञ्चार संस्था, सुरक्षाकर्मी, विभिन्न पेसाकर्मीहरुलाई पालना गर्नुपर्ने विषयहरु बुँदागतरुपमा उल्लेख छ । राजनीतिक दल वा उम्मेदवारको हकमा जुलुस वा आमसभा गर्दा उम्मेदवारको निर्वाचन चिन्ह वा झण्डा अंकित लोगो, स्टीकर वा अन्य कुनै पनि किसिमको चिज बोक्न बन्देज गरिएको छ । राजनीति दलको पहिचान खुलाइएको विवरण भने वितरण गर्न सकिने आचारसंहितामा उल्लेख छ ।

एकभन्दा बढी राजनीतिक दल वा उम्मेदवारले एकै दिन एकै समयमा कुनै एक स्थानमा कार्यक्रम वा सभा नगर्न आचार सिंहतामा उल्लेख छ । प्रचार प्रसारको समयमा १२ घन्टाका लागि तोकिएको छ। बिहान ७ बजेदेखि साँझ ७ बजेसम्म मात्र प्रचारप्रासर गर्नुपर्ने आचारसंहितामा भनिएको छ । निर्वाचनको प्रचार प्रसार वा जुलुजमा बालबालिकाको प्रयोगमा बन्देज लगाइएको छ । त्यस्तै मनोनयन गर्न जाँदा २५ जनाभन्दा धेरै उपस्थित नहुन आचारसंहितामा उल्लेख छ। अनलाइन वेव पेज, टिभी, स्क्रोलिङ, डीस्प्ले आदिमा उम्मेदवारको प्रचार प्रसार गर्न पाइने छैन । तर पार्टी वा उम्मेदवारको आधिकारिक वेवपेजमा भने त्यस्तो सामग्री राख्न सकिने आचारसंहितामा उल्लेख छ । त्यस्ते कसेको भावनामा ठेस पुग्ने किसिमका प्रचार प्रसार गर्न पाइने छैन भने धर्मका नाममा पनि कुनै प्रचार गर्न पाइने छैन। निर्वाचनमा विजयी भएको उम्मेदवारले कुनै प्रकारको भोज भतेर वा नगर जिन्सी वितरणसमेत गर्न नपाइने आचारसंहितामा उल्लेख छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सम्मान मिल्नेछ |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : कार्यमा सफलता | धनु | : आर्थिक समस्या |
| कर्कट | : मन चञ्चल | मकर | : मानसिक तनाब |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# अरिङ्गालले टोकेर बागलुङमा एकको मृत्यु

**पोखरापत्र संवाददाता**
**बागलुङ, ११ असोज**

बागलुङमा अरिङ्गालले टोकेर एकजनाको मृत्यु भएको छ ।

जैमिनी नगरपालिका-७ जैदीका ४३ वर्षीय ज्ञानबहादुर रानाको अरिङ्गालले टोक्दा आज बिहान मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बागलुङका प्रहरी नायब उपरीक्षक तथा सूचना अधिकारी गङ्गाबहादुर थापाले जानकारी दिनुभयो ।

रातको समयमा घर नजिकैको जङ्गलमा अरिङ्गाल पोल्ने क्रममा अरिङ्गालले टोकेर गम्भीर घाइते हुनुभएका रानालाई स्वास्थ्यचौकीमा सामान्य उपचारपछि घर फर्काइएको र आज बिहान घरमै उहाँको मृत्यु भएको प्रहरीको भनाइ छ ।

# पार्किङको चपेटामा पोखराको साइकल लेन

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ असोज**

साइकलमैत्री सहर बनाउने उद्देश्यले पोखराको सडकमा बनाइएको साइकल लेन पार्किङको अतिक्रमणमा परेको छ ।

साइकल लेनको अवस्था हेर्दा सबैको हेपाइपेलाइमा परेको देखिन्छ।पोखरामहानगरपालिकाले बनाएको जिरो किलोमिटर, सिर्जनाचोक, सभागृहचोक, न्यूरोड विपीचोक र महेन्द्र पुल क्षेत्रको साइकल लेनमा जथाभाबि पार्किङ गरेको भेटिन्छ । स्वास्थ्य सचेतना र साइकलमैत्री सडक संरचना निर्माण हुने आशा गरिए पनि पार्किङ समस्याले साइकल यात्रीलाई निरुत्साहित बनाएको छ ।

साइकल सिटी पोखराको परिकल्पना र महानगरको लगानीमा साइकल लेन निर्माण गरिएको साइकल लेन निर्माण उपभोक्ता समितिका संयोजक राजन गोंगजुले जानकारी दिनुभयो । साइकल लेन निर्माणका लागि पोखरा महानगले रु तीस लाख खर्चिएको संयोजक गोंगजुले बताउनुभयो। महानगरले उपलब्ध रु तीस लाखमा उपभोक्ता समितिले पाँच लाख ३० हजार उठाएर लेन बनाएको हो। उहाँका अनुसार रातारात काम गरेर आयोजनाको काम सकाएको हो । पोखरादेखि हेम्जासम्मै पुऱ्याउने योजना भए पनि बजेट अभाव कारण नसकिएको उहाँले सुनाउनुभयो । आगामी दिनमा पोखराभरी नै सडकको दुबै तर्फ लेन बनाउने योजना रहेको छ । पोखरा महानगरले जिरो किलोमिटरदेखि महेन्द्रपुलसम्म बनाएको लेनमा साइकल चलाउँदा पटक-पटक समस्या भाग्नु परेको साइकल यात्री विश्व तण्डुकारले बताउनुभयो । “स्वास्थ्यका लागि हरेक बिहान नयाँ लेनमा साइकल चलाउँछु, साह्रै गाह्रो हुन्छ”, उहाँले भन्नुभयो, “जिरोबाट विपीचोकसम्म पुग्दा ठाउँ ठाउँमा सवारी पार्किङ गरेको भेट्छु ।” साइकल लेनका बारेमा धेरैलाई ज्ञान नहुँदा सर्वसाधरण साइकल यात्रीले झनै समस्या झेलिरहेको उहाँको भनाइ थियो ।

“हामी ग्रुपमै हिँड्दा त यति धेरै समस्या झेल्नुपर्छ”, उहाँले भन्नुभयो, “अझै एक्लै हिँड्नेको हालत कस्तो होला, लेनका बारेमा सबैले बुझ्नुपर्ने हो, त्यसो भएको पाउँदिन् ।” लेनका पार्किङ नगर्न नराउनका लागि साइकल सिटी पोखराले जनचेतनामूलक कार्यक्रम गर्न लागेको साइकल सिटी पोखराका उपाध्यक्ष राजन गोंगजुले जानकारी दिनुभयो । पोखरामा दैनिक एक हजार साइकल गुड्छन् ।

साइकल सिटी पोखरामा अहिले दुई सय ५० भन्दा बढी साइकलयात्री आवद्ध रहेका छन् । संस्थामा आवद्ध नभएका त्यो भन्दा बढिरहेको उहाँले जानकारी दिनुभयो । पोखरा महानगरपालिकाकाप्रमुखधनराजआचार्यले आवश्यकताका आधारमा बने पनि अव्यवस्थित बनेको प्रतिर्क्रिया दिनुभयो । थोरै भएका कारण पनि धेरैले यसको महत्व नबुझेको उहाँको भनाइ छ ।

‘‘जति बनाएका छौं यसले मात्र प्रायप्त नहुने रहेछ,’’ उहाँले भन्नुभयो, ‘‘लामो गन्तव्यमा पुग्ने भएपछि बुझ्ने रहेछ, त्यसैले यसमा हामीले थप गर्ने योजना बनाएका छौं ।’’ महानगरले पार्किङलाई थप व्यवस्थापन गरिरहेकाले केही समयपछि साइकल लेनमा पार्किङ गर्न बन्देज लगाउने प्रमुख आचार्यले जानकारी दिनुभयो ।

# ठेला व्यवसाय हटाइदै

**पोखरापत्र संवाददाता**
**बागलुङ, ११ असोज**

बागलुङबजारमा सञ्चालनमा ल्याइएका ठेलालगयातका व्यवसाय गर्नेलाई नगर पालिकाले हटाउने भएको छ ।

अनुमति बिना बागलुङ बजारको चोक चोकमा राखिएका ठेला तथा पोके व्यवसायका कारण नगरको ट्राफिक व्यवस्थापनमा समस्या भएकाले हटाउन थालिएको बागलुङ नगरपालिकाले जनाएको छ ।

घरभाडा तिरेर व्यवसाय गर्ने व्यवसायीलाई समस्या भएको भन्दै हटाउने निर्णयमा पुगेको बागलुङ नगरपालिकाका नगर प्रमुख बसन्त कुमार श्रेष्ठले जानकारी दिनुभयो । नगरपालिकाले एक महिनाभित्र बागलुङ बजार क्षेत्रमा तरकारी फलफूल र चनाचटपटलगायतका ठेलामा व्यवसाय गर्ने र झोलामा कपडालगायतका सामग्री बोकेर घरघरमा डुल्ने पोके व्यापारीलाई हटाउने निर्णय गरेको हो ।

“एउटाले रु ५० हजार भाडा तिरेर सटरमा फलफूल व्यवसाय गर्छ, नगरपालिकालाई करसमेत तिर्छ तर उसैको अगाडि सडकमा ठेला व्यवसायले धमाधम फलफूल बिक्री गर्दछ, उस्को व्यवसाय न दर्ता हुन्छ न कर नै तिर्दछ”, नगर प्रमुख श्रेष्ठले भन्नुभयो । “एक महिनाभित्रै आफैं हट्न भनेका छौं, नहटे नगरले हटाउँछ”, उहाँले भन्नुभयो । बजारभन्दा बाहिरबाट खरिद गरेर गाउँगाउँमा बिक्री वितरण गरेका पोके व्यवसायीलाई पनि कुनै उचित स्थान खोजेर भाडामा व्यवसाय सञ्चालन गर्न नगरपालिकाले आग्रह गरेको छ । बागलुङ बजारमा एक सयभन्दा बढी बिना दर्ताका ठेला व्यापारी रहेको नगरपालिकाको भनाइ छ ।




विजयादशमीको अवसरमा संगम टोलमा सरसफाइः  पोखरा महानगरपालिका वडा नं १३ स्थित संगम टोल बिकास संस्थाले हालै शुभकामना आदान प्रदान र सरसफाई कार्यक्रम गरेको छ ।  ‘एकता नै बल हो भन्ने मुल नाराका साथ’  गरिएको कार्यक्रममा टोल बिकास संस्थाका अध्यक्ष धर्मराज पौडेलको अध्यक्षतामा भएको थियो । बिजयादशमीमा हुनसक्ने घटनालाई सचेत रहन र चाडलाई संयम भएर विकृतिरहित तरिकाले मनाउन समेत अध्यक्ष पौडेलले अनुरोध गरे । कार्यक्रममा संस्थाका उपाध्यक्ष बिष्णु गुरुङले शुभकामना व्यक्त गरिन् ।


# नाका नखुल्दा तिब्बतको च्याङ्ग्रा भित्रिन सकेन

**पोखरापत्र संवाददाता**
**बागलुङ, ११ असोज**

व्यवसायीले मुस्ताङी च्याङ्ग्रा बजार भित्र्याएका छन् । बागलुङ, पर्वतसहित आसपासमा सोमबार च्याङ्ग्रा आइपुगेका हुन् । व्यवसायीले हप्तौं लगाएर बर्सेनि दशैंमा च्याङ्ग्रा भित्र्याउँछन् । दशैंमा च्याङ्ग्राको माग उच्च हुन्छ ।

बागलुङका व्यवसायी महेन्द्र केसीले स्थानीय बलबहादुर थापासहित पर्वत र काठमाडौंका दुई-दुई व्यवसायी मिलेर दुई सय ५० च्याङ्ग्रा ल्याएको बताउनुभयो । “सानो बगालमा किन्न नमिलेपछि छ जना मिलेर ल्यायौं”, उहाँले भन्नुभयो, “यीमध्ये केही च्याङ्ग्रा काठमाडौं पुग्छन्, अरु बागलुङ र पर्वतमा बेच्छौं ।” उहाँका अनुसार मुस्ताङ पुगेका अरु व्यापारी च्याङ्ग्रा ल्याएर बाटोमा फर्कदैंछन् । मुस्ताङको जोमसोम, कागबेनी, चमरलगायत ठाउँमा पुगेर व्यवसायीले च्याङ्ग्रा ल्याउँछन् । त्यहाँबाट म्याग्दी, बागलुङ हुँदै पर्वत ल्याइपुऱ्याउन हप्ता दिनसम्म लाग्छ । बर्सेनि मुस्ताङी च्याङ्ग्रा पोखरा हुँदै काठमाडौं पनि पुग्छ । सात वर्षदेखि च्याङ्ग्राको व्यापार गर्दै आउनुभएका केसीले यसपालि पनि भाउ महँगो परेको सुनाउनुभयो । “रोज्जा च्याङ्ग्रालाई मुस्ताङमै रु ४० हजार जति पऱ्यो, यहाँ बेच्दा त ४५ हजारमाथि पुग्छ”, उहाँले भन्नुभयो, “तिब्बतबाट च्याङ्ग्रा आएन, मुस्ताङको आफ्नै उत्पादन कम छ ।”

कोराला नाका नखुल्दा तिब्बतका व्यापारीले च्याङ्ग्रा मुस्ताङ भित्र्याउन पाएका छैनन् । मुस्ताङमा पालिने च्याङ्ग्राले मात्र बजार माग धान्दैन । च्याङ्ग्रै कम आएका कारण मूल्य बढेको व्यवसायी बताउँछन् । दुई वर्षअघि रोज्जा च्याङ्ग्रालाई मुस्ताङमा रु २७ हजार पाँच सय परेकामा अहिले त्यो बढेर रु ४० हजार पुगेको छ । मूल्य चर्को परेपछि कतिपय पुराना व्यवसायी यसपालि च्याङ्ग्रा किन्नै नगएको पर्वत, कुश्माका व्यवसायी राजु पुनले बताउनुभयो । “च्याङ्ग्रामा पहिलेको भैं व्यापार छैन”, उहाँले भन्नुभयो, “महँगो परेपछि व्यवसायीले पनि झट्ट हात हाल्न आँट गर्दैनन् ।” बर्सेनि भाउ महँगिदै जान थालेपछि च्याङ्ग्राको कारोबार कम छ । ठूलो लगानी चाहिने हुँदा व्यवसायीमा पनि रुचि घट्दो छ । “बाटोको आउजाउ कठिन हुन्छ, खर्चपर्च धेरै लाग्छ, खेतला लगाउनुपर्छ”, केसीले भन्नुभयो, “तैपनि दशैंमा उपभोक्तालाई च्याङ्ग्रा चखाउनुपर्छ भनेर व्यवसायीले ल्याइरहेका छन् ।” उहाँका अनुसार केही वर्षअघिसम्म बागलुङमा मात्रै दुई हजार बढी च्याङ्ग्रा भित्रिने गरेकामा अहिले त्यो सङ्ख्या केही सयमा मात्र सीमित हुन पुगेको छ । सदरमुकाममा मासु पसलसमेत सञ्चालन गर्दै आउनुभएका केसीले दशैंमा च्याङ्ग्राको मासुको माग अत्यधिक हुने बताउनुभयो । अहिले च्याङ्ग्राको मासु प्रतिकिलो रु दुई हजार बढी पर्ने देखिएको उहाँको भनाइ छ । हुनेखानेले महँगै परे पनि दशैंमा च्याङ्ग्राको मासु खोजीखोजी किन्ने गर्छन् । कोभिड-१९ महाव्याधिपछि च्याङ्ग्रा महँगिएको व्यवसायी बताउँछन् । च्याङ्ग्रा कम आउनु, बढ्दो करजस्ता कारणले पनि मूल्य बढ्दै गएको हो । स्थानीय तहसहित ठाउँठाउँमा दस्तुर र कर तिर्नुपर्दा थप मर्का पर्ने गरेको व्यवसायीको गुनासो छ । यस क्षेत्रमा मुख्य गरी मुस्ताङ र डोल्पाको च्याङ्ग्रा आउने गरेको छ । नाका नखुल्दा तिब्बतको च्याङ्ग्रा भित्रिनसकेको छैन । पछिल्लो पाँच वर्षमा रु २० हजारभन्दा बढीले च्याङ्ग्राको भाउ बढेको व्यवसायी बताउँछन् । व्यवसायीले एउटा च्याङ्ग्रामा रु एक-दुई हजारसम्म फाइदा राखेर बेच्ने गरेका छन् । हिमाली हावापानीमा जडीबुटी खाएर हुर्केको हुनाले च्याङ्ग्रा स्वादिष्ट र स्वस्थकर मानिन्छ । मासुजन्य अरु परिकार बाह्रैमास पाइने भए पनि च्याङ्ग्राका लागि भने उपभोक्ताले दशैं नै कुनुपर्छ ।

# देउपुर गुरुङ तमु समाज घरको समुदघाटन

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ असोज**

देउपुर (तमु) गुरुङ समाज भवनको समुदघाटन सम्पन्न भएको छ। मोदी गाउपालिका ३ देउपुर देउराली जोगीथुममा अवस्थित समाज भवनको सोमबार समुद्घाटन भएको हो।

समाजको अध्यक्ष प्रेमकुमार गुरुङको अध्यक्षतामा भएको सो कार्यक्रममा प्रमुख आतिथि गण्डकी प्रदेश सांसद माननीय ललित कला गुरुङले उद्घाटन गर्दै देउपुरबासी देश विदेशमा छरिएर रहेता पनि आफ्नो जन्मभुमिको मायाले गर्दा समाज घरको सम्पन्न गरी उद्घाटन गर्न पाएकोमा खुसी व्यक्त गर्नुभयो। देस विदेशमा छरिएर बस्नुभएका देउपुर देउरालीका तमु तथा गुरुङ समुदायका व्यक्तिहरु, गण्डकी प्रदेश सांसद विकास कोष, मोदी गाँउपालिकाको आर्थिक सहयोगमा सम्पन्न भएको समाज भवन पचपन्न लाख रुपैया लगानी रहेको समाजका अध्यक्ष प्रेम कुमार गुरूङले बताउनुभयो। उहाँले गाउँका बासिन्दाहरू सहरीकरण र विदेश पलायन भै गाउँनै रित्तिने अबस्थामा यस समाज



भवन निर्माणको कारणले अब गाऊलेहरु चाडपर्वमा, गाऊका बिबिध पूजा कार्यक्रममा र बिभिन्न कार्यक्रम गरी आफ्नो गाऊमा पटक पटक आउनको लागि प्रोत्साहन गरेको र बाताबरण सिर्जना भएको भन्दै सुरूवात यहि मंसिर महिनामा गुरुङहरूको महान पर्व 'ल्होसार' गाऊमै भब्यताका साथ मनाउने बताउनुभयो। समाज भवन निर्माणको सम्पन्न गर्नको लागि गाउँको देबी देबता र बुद्ध भगवानबाट आशिर्बाद प्राप्त भएकोले साथै आर्थिक सहयोगी दाताहरूको सहयोगको कारणले सम्पन्न भएको भन्दै सम्पूर्ण सहयोगी दाताहरूलाई समाजको तर्फबाट धन्यवाद ज्ञापन गर्नुभयो। कार्यक्रमका विशिष्ट अतिथि मोदी गाँउपालिका अध्यक्ष हिरा देवी शर्माले शिक्षा, स्वास्थ्य, सडक, खानेपानी सगँसगैं यस्तै संरचनाहरुको पनि विकास गदै जानुपर्ने बताउदै समाज घरले भाईचाराको भावना विकास हुने बताउनुभयो। मोदी गाँउपालिका वडा नम्वर २ र ३ वडा अध्यक्ष बेलबहादुर कार्की र देवेन्द्र बहादुर क्षेत्रीले पनि सम्पूर्ण गुरुङ तमु समाजका ब्यतित्वहरुलाई बधाई ज्ञापन गर्नुभयो। गण्डकी प्रदेश ज्योतिष संयोजक विष्णु सुबेदीले भगवानहरु खेल्ने रमाउने यस पुण्य भुमिमा देउपुर देउरालीमा यस्ता सतकर्म गर्ने व्यक्तिहरुको अभ्र खाचो भएको बताउनुभयो।

# 'जोजिजू म्युजिकल जर्नी २०७९' सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ असोज**

१९ औं सस्करणको 'जोजिजू म्युजिकल जर्नी २०७९' को अवसरमा चार जनालाई पोखरामा सम्मान गरिएको छ।

जोजिजू म्युजिक सेन्टर एवं म्युजिक स्कुलले आयोजना गरेको कार्यक्रममा सम्मानित हुनेमा गायनतर्फ देउराली व्याण्डका मुख्य भोकलिष्ट शान्तराज बज्राचार्य, बाद्यवाधनतर्फ तेज केसी, नृत्य प्रशिक्षक तर्फ गम्भिर वर्देवा र सञ्चारकर्मी तर्फ पत्रकार राजाराम पौडेल रहेका छन्।

सम्मानित व्यत्तित्व छनोट गर्न छनोट समिति बनाइएको थियो। छनोट समितिकै सिफारिसको आधारमा उनीहरु सम्मानित भएको आयोजकले बताए। छनोट समितिमा पोखरा प्रज्ञा प्रतिष्ठानका कुलपति पदमराज ढकाल, गण्डकी प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव मनकुमार श्रेष्ठ, पोखरा सांगीतिक कलाकार संघ नेपालका अध्यक्ष सुनिल थापा रहेका थिए।

उनीहरुलाई वरिष्ठ गायिका बाबा राणा, गण्डकी प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव मनकुमार श्रेष्ठ, विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समितिका




सल्लाहकार जबरलाल श्रेष्ठ, आयोजक संस्थाका प्रबन्ध निर्देशक विनित जोजिजूले सम्मान गरें। 'जोजिजू म्युजिकल जर्नी २०७९' को आर्कषणको रुपमा विविध सांगीतिक तथा साँस्कृतिक प्रस्तुती रहेको थियो। पोखरा उद्योग वाणिज्य संघको हलमा आयोजित कार्यक्रममा कलाकारहरु बाबा राणा, विनित जोजिजू, एलिना गुरुङ, उषा गुरुङ, प्रिया गुरुङ, प्रकृति श्रेष्ठ, रिदम गुरुङ, मिलन गुरुङ, रंजित परियार, उषा गुरुङले आफ्नो प्रस्तुती राखे।

यसैगरी विपना थापामगर, अनिषा पाइजा पुन, स्वाति न्यौपाने, जेनिसा छत्याल, वेनिसा श्रेष्ठ, मोनिका श्रेष्ठ, केल्विन शेरचन, गौरव थापा, अर्जुन नकर्मी, पूर्ण गुरुङ, प्रशान्त न्यौपाने, अजेश वि.क., स्मृति राई, उत्पेरणा जोजिजू, श्रीकृष्ण अधिकारी, आशिष भट्टराई, दीपेश मल्ल, सुदिप ठकुरी, स्वस्तिक गिरी, कृष्टि पाठक, विमिषा श्रेष्ठ, मिरिस्ता गौचन लगायतले गायन प्रस्तुती मार्फत दर्शकको सांगीतिक तृष्णा मेटाए। लाइभ म्युजिक मार्फत राखिएको प्रस्तुतीको लागि तबलामा पप्पु थापा मगर, किर्वोडमा सुनिल रानामगर, बाँसुरीमा भोजेन्द्र अधिकारी, प्याड ड्रममा प्रेम थापामगर, बेस गीतारमा सागर गुरुङ, लिड गीतारमा शंकर गुरुङ, ड्रम सेटमा उत्प्रेम जोजिजू र विधान वर्देवा, मादलमा पविन कान्छाले साथ दिएका थिए।

भायोलियन प्रस्तुती मार्फत सानु जोजिजू, पुर्खा पुन, श्रीकृष्ण परियार, अनु रेग्मी, मनिता श्रेष्ठ, रक्षा श्रेष्ठ, सुशिल गौतम, सम्वृद्धि गुरुङ, बैभव थापाले दर्शकलाई मनोरञ्जन प्रदान गरें।

यसैगरी अनिमेश श्रेष्ठ, प्रियंका, अविशा गुरुङ, सुप्रिया नेपाली, सुष्मा गुरुङ, रोश्नी क्षेत्री, सपना गुरुङ, अञ्जली गुरुङ, सुशिला गुरुङ, सुमन गुरुङ, सुजल गुरुङ, टिका जंग गुरुङ, रोशन गुरुङ, सुविना गुरुङ, कृष्ण कुमारी गुरुङ, प्रिति गुरुङ, रेशम गुरुङ, माया गुरुङ लगायतका कलाकारको नृत्यले समेत दर्शकको ध्यान खिच्यो।

संस्थाका प्रबन्ध निर्देशक विनित जोजिजूको अध्यक्षतामा भएको कार्यक्रममा वरिष्ठ गायिका बाबा राणा, गण्डकी प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव मनकुमार श्रेष्ठ, देउराली व्याण्डका मुख्य भोकलिष्ट शान्तराज बज्राचार्य, पत्रकार राजाराम पौडेल, कार्यक्रम संयोजक सानु जोजिजू र सुरज थापा मगरले बोलेका थिए।

जोजिजू म्युजिक सेन्टरले संगीतको ज्ञान दिने मात्रै नभएर निरन्तर नयाँ प्रतिभालाई प्रतिभा देखाउन मञ्च समेत प्रदान गर्दै आएको प्रबन्ध निर्देशक जोजिजूले बताए। संगीतको उत्थान हाम्रो दायित्व, कला र प्रतिभाको पहिचान हाम्रो अभियान भन्ने उद्धेश्यले निरन्तर कार्यक्रम गरिएको उनले खुलाए। विभिन्न व्यक्ति तथा संस्थाको सहयोगको कारण कार्यक्रम सफल बनेको उनको भनाई छ।

# पोखरा उद्योग वाणिज्य संघको शुभकामना तथा जलपान कार्यक्रम

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ असोज**

पोखरा उद्योग वाणिज्य संघले मंगलबार दशैं, तिहार नेपाल संवत र छठको उपलक्ष्यमा शुभकामना तथा जलपान कार्यक्रमको आयोजना गरेको छ।

कार्यक्रममा पोखरा महानगरपालिकामा मेयर धनराज आचार्य,कास्कीका प्रमुख जिल्ला अधिकारी टेकबहादुर केसी, नेपाल उद्योग वाणिज्य महासंघका तथा संघका पूर्वअध्यक्ष आनन्दराज मुल्मी, अर्का पूर्वअध्यक्ष चण्डीराज ढकाल, पूर्वउपाध्यक्ष उमेश श्रेष्ठ, नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी अध्यक्ष संजिवबहादुर कोइराला, केन्द्रीय सदस्य तथा संघका पूर्वअध्यक्ष दामु अधिकारी, अर्का केन्द्रीय सदस्य बलराम गिरी,पोखरा उद्योग वाणिज्य संघका पूर्वअध्यक्षहरु सुरेशकुमार राजभण्डारी, बसन्त उदास, दीपक श्रेष्ठ, राजेन्द्रकुमार लालचन,मानकाजी माकाजु, कृष्णमोहन श्रेष्ठ, निवर्तमान अध्यक्ष नारायण कोइराला, विभिन्न सरकारी तथा गैरसकारी



निकायका प्रमुख तथा प्रतिनिधि, नागरिक समाजका अगुवा, संघका साधारण सदस्यलगायतको सहभागिता रहेको थियो।

शुभकामना आदान-प्रदान कार्यक्रममा सहभागीहरुलाई संघका अध्यक्ष पवनकुमार प्रजापतिसहित पदाधिकारी तथा कार्यसमितिका सदस्यहरुले स्वागत गरेका थिए। संघका अध्यक्ष प्रजापतिले शुभकामना आदान-प्रदान कार्यक्रमलाई औपचारिकमात्रै नभएर आपसी सम्बन्ध बिस्तारको महत्वपूर्ण अवसरको रुपमा लिइएको बताए। उद्योगी/व्यवसायीहरुको छाता संस्था तथा पोखराको जेठो सामाजिक संस्थाको तर्फबाट शुभकामना व्यक्त गर्दै अध्यक्ष प्रजापतिले आर्थिक समृद्धिको लागि सबैको सहकार्य जरुरी रहेको औंल्याए।

पोखरा उद्योग वाणिज्य संघले यसअघि नै दैनिक उपभोग्य बस्तुहरुमा छुट दिन व्यवसायीहरुलाई आग्रह गरेको स्मरण गर्दै उनले मितव्ययी हुन आम नागरिकसँग अनुरोध पनि गरे। 'हामीले व्यवसायीहरुलाई चाडबाडमा सक्दो छुट दिन र शान्ति सुरक्षाको प्रबन्ध मिलाउन प्रशासनसँग अनुरोध गरेका छौं',उनले भने,'चाडपर्वहरुले देशमा समृद्धि र सुख ल्याओस् भन्ने हाम्रो कामना हो।' संघका महासचिव बलराम आचार्यले कार्यक्रममा भएको उपस्थितिप्रति सबैलाई धन्यवाद ज्ञापन गर्दै व्यवसायीमाथि आइपर्ने समस्या समाधानको लागि संघ सदैव क्रियाशिल रहने बताए।

# आकासियो अमेरिकी डलरको भाउ, बजारमा कस्तो पर्ला प्रभाव

**रासस**
**काठमाडौं, ११ असोज**

एक अमेरिकी डलरको खरिदका लागि मंगलबार एक सय ३० रुपैयाँ ३० पैसा तिर्नुपर्छ। यस्तै बिक्री दर एक सय ३० रुपैयाँ ९० पैसा तोकिएको छ। यो हालसम्मकै बढी हो।

लगातार उकालो लाग्दै अमेरिकी डलरको भाउ नयाँ बिन्दुमा पुग्दा त्यसबाट अर्थतन्त्रका समग्र क्षेत्रमा प्रभाव पर्न जान्छ। आयातमुखी अर्थतन्त्र भएको नेपालमा डलरको मूल्य बढ्दा त्यसले महँगी बढाउने र जनजीवन प्रभावित पार्ने छ। नेपाली रुपैयाँको भारतीय रुपैयाँसँग स्थिर विनिमय दर रहेको छ। अमेरिकी डलरको तुलनामा भारतीय रुपैयाँ खस्किँदा त्यसको प्रभाव नेपाली रुपैयाँमा पनि परेको हो। रसिया र युक्रेन युद्धका कारण संसारभरकै अर्थतन्त्रमा चाप परेको तथा अमेरिकाको फेडरल रिजर्भले अगाडि सारेको नीतिका कारण पनि विश्वरभर नै डलर बलियो बन्दै गएको छ। अर्थशास्त्री डा चन्द्रमणि अधिकारीका अनुसार अमेरिकी डलरको मूल्यमा भएको लगातारको वृद्धिले मुलुकको अर्थतन्त्रमा नकारात्मक प्रभाव पार्नेछ। नेपाल आयातमुखी अर्थतन्त्रमा आधारित देश भएकाले पनि डलरको मूल्य बढ्दा त्यसले माल वस्तुको आयातमा बढी मूल्य तिर्नुपर्ने अवस्थाको सिर्जना गरिदिएको छ। निर्यातको मात्रा ३० प्रतिशत भन्दा माथि रहेको भए डलरको मूल्य बढ्दा त्यसले सकारात्मक प्रभाव पार्ने भए पनि नेपालको अवस्था त्यस्तो नभएकाले समस्या नै उत्पन्न गर्ने डा अधिकारीको भनाइ छ। उहाँले विप्रेषण आप्रवाहमा केही सकारात्मक प्रभाव पर्ने भए पनि पेट्रोलियम पदार्थको आयातका लागि गर्नुपर्ने खर्च तथा विभिन्न आयोजनाका लागि आयात गर्नुपर्ने उपकरण, परामर्शदातालाई तिर्नुपर्ने रकम तथा अन्य माल वस्तुको खरिदमा बढी पैसा भुक्तानी गर्नुपर्ने भएकाले डलरको मूल्यमा हुने वृद्धिले समस्या पार्न सक्ने बताउनुभयो। अमेरिकी डलरको मूल्यवृद्धि हुँदा विदेशबाट आउने विप्रेषण आप्रवाहमा केही सकारात्मक प्रभाव पर्न सक्छ। चाडपर्वको समयमा बढी विप्रेषण भित्रने गर्छ। तर, विप्रेषण बढी भित्रिएपनि तीनका परिवारले विदेशबाट नै आयात गरिएका माल वस्तुको खरिद गर्दा देशभित्र पैसा रहने अवस्था भने कम नै हुने उहाँको भनाइ छ। पर्यटक बढी आएको भए डलरको मूल्यवृद्धिले सकारात्मक नै प्रभाव पार्ने थियो भन्नुहुन्छ डा अधिकारी।

नेपाली मुद्रा सस्तो हुँदा डलर खर्च गर्ने पर्यटकलाई यहाँ आउन खर्चको हिसाबले थप प्रोत्साहन मिल्ने र नेपालको अर्थतन्त्रको उन्नयनमा साथ मिल्ने थियो। डलरको मूल्य बढ्ने वित्तिकै विदेशी मुद्रा खर्च गरेर गरिने आयातको मूल्य स्वतः बढ्न जान्छ। व्यापार घाटा बढ्दै जाँदा चालू तथा शोधान्तरमासमेत प्रभाव पर्न जाने डा अधिकारीको भनाइ छ। यसबाट मुलुकभित्र रहेको विदेशी मुद्राको भण्डारणमासमेत चाप पर्न जान्छ। डलरको मूल्यमा वृद्धि हुँदा बजारमा महँगीको मात्रामा वृद्धि हुन जान्छ। पेट्रोलियम पदार्थदेखि खाद्यान्नसम्मको आयात हुने हुँदा त्यसको प्रभाव बजारमा पर्न जान्छ। विदेशमा अध्ययन गर्न गएका विद्यार्थीलाई नकारात्मक प्रभाव पर्न जान्छ। नेपालले विदेशी दातृ निकायसँग लिएको ऋणको परिमाण पनि डलरको मूल्यवृद्धिले थप बढोत्तरी हुन जान्छ। विदेशी ऋणको सावाँ र ब्याज भुक्तानीका लागि सरकारले तय गरेको वित्तीय व्यवस्थामा यसको प्रभाव पर्न जान्छ र रकमको अभाव हुन जान्छ। नेपाली मुद्रा र भारतीय मुद्राका बीचमा स्थिर विनिमय दर भएकाले भारतमा हुने मूल्वृद्धिको चाप नेपालमा पर्न जान्छ। किनकी, नेपालको सबैभन्दा बढी व्यापार भारतसँग नै हुने गरेको छ। चालू आवको पहिलो महिनामा नै बिन्दुगत उपभोक्ता मुद्रास्फीति आठ दशमलब २६ प्रतिशत छ।

वैदेशिकतर्फ चालू आवको पहिलो महिनामा कूल वस्तु निर्यात २८ दशमबल सात प्रतिशतले कमी आई रु १४ अर्ब ८१ करोड कायम छ। सो महिनामा रु एक खर्ब ३१ अर्ब २९ करोड बराबरको वस्तु आयात भएको छ। सो महिनामा कूल व्यापार घाटा रु एक खर्ब १६ अर्ब ४८ करोड बराबरे छ। नेपाल राष्ट्र बैंकको पछिल्लो विवरण अनुसार देशभित्र कूल विदेशी सञ्चिती नौ अर्ब ४२ करोड अमेरिकी डलर छ। चालू खातातर्फ रु १६ अर्ब २६ करोडले घाटा छ।

# मनास्लु हिमपहिरा घाइते सबैको उद्धार, मृतक राईको शव उठाउन समस्या

**पोखरापत्र संवाददाता**
**गोरखा, ११ असोज**

उत्तरी गोरखाको मनास्लु हिमालस्थित तेस्रो आधार शिविरमा सोमबार गएको हिमपहिरामा परी घाइते भएका सबैको उद्धारको काम सकिएको छ।

पहिरामा परेका १३ मध्ये १२ जनाको सकुशल उद्धार गरिएको जिल्ला प्रहरी कार्यालय गोरखाका प्रहरी नायब उपरीक्षक लीलाराज लामिछानेले जानकारी दिनुभयो।

हिजो चारजना घाइतेको उद्धार गरिएको भए पनि बाँकी रहेका थप आठजनाको मंगलबार उद्धार गरिएको हो। सकुशल उद्धार गरिएकाहरुमा सोलुखुम्बु घर भएका ३५ वर्षीय किनु पेम्वा, २९ वर्षीय फुर्ते शेर्पा, सङ्खुवासभा घर भएका २७ वर्षीय सुकमान तामाङ, निमा शेर्पा, ४० वर्षीय निमादोर्जे शेर्पा र २५ वर्षीय दावा शेर्पा रहनुभएको उहाँले बताउनुभयो।

त्यस्तै दोलखा घर भएका ४० वर्षीया फुरिता शेर्पा, ३७ वर्षीय लाक्पा तामाङ र ४४ वर्षीय जीतबहादुर शेर्पाको पनि सकुशल उद्धार गरिएको प्रहरी नायब उपरीक्षक लामिछानेले जानकारी दिनुभयो। आज उद्धार गरिएकामध्ये ४० वर्षीय निमादोर्जे शेर्पाको अवस्था भने गम्भीर रहेको उहाँले बताउनुभयो। घाइतेसबैलाईउद्धारपछि हेलिकप्टरमार्फत उपचारका लागि काठमाडौं पठाई सकिएको प्रहरी नायब उपरीक्षक लामिछानेको भनाइ छ। हिमपहिरामा परेका अन्य तीनजनाको अवस्था भने सामान्य रहेकाले उनीहरु आधार शिविरमा आएपछि पुनः काममा फर्किएका प्रहरी नायब उपरीक्षक लामिछानेले जानकारी दिनुभयो। उहाँले पहिरामा परी ज्यान गुमाएका सङ्खुवासभा जिल्ला घर भएका अनुप राईको शव निकाल्न भने कठिनाइ भइरहेको बताउनुभयो।

"त्यस क्षेत्रमा आज पनि पुनः मौसम पनि बिग्रन थाल्यो", प्रहरी नायब उपरीक्षक लामिछानेले भन्नुभयो, "शव केही तल खोँचमा रहेकाले निकाल्न कठिनाइ भइरहेको छ।" आज नै शव निकाल्न सक्ने अवस्था नरहेकाले भोलि मात्र राईको शव निकाल्न आधार शिविरमा हेलिकप्टर पुग्ने उहाँले बताउनुभयो। विभिन्न चार एजेन्सीबाट गएका उनीहरु सोमबार हिमपहिरामा परेका थिए। प्रहरीका अनुसार इमेजिङ एक्सप्रेसनबाट गएका पाँच, सेभेन समिटका गएका तीन, एचके एक्सप्रेसनबाट गएका दुई र चितवन एड्भेन्चरबाट गएका तीनजना हिमपहिरामा परेका हुन्।


## हार्दिक समवेदना



जन्मः
वि. स. २००५/०८/१६

स्वर्गारोहणः
वि.स. २०७९/०६/०१

स्वः सु. सन्तबहादुर गुरुङ

हाम्रा विद्यालयका अभिभावक एवम् शुभचिन्तक सु. सन्तबहादुर गुरुङको ७४ वर्षको उमेरमा भएको अकल्पनीय, असामयिक दुःखद निधनले हामीलाई स्तब्ध बनाएको छ। उहाँको अर्घौको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना तथा हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं।

राम गुरुङ तथा कमल गुरुङ

बालविद्या मन्दिर इङ्लिस बोर्डिङ स्कुल परिवार
मियाँपाटन, पोखरा-१२